महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

लिखु तामाकोशी गाउँपालिका

रामेछाप

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
लिखु तामाकोशी गाउँपालिका
रामेछाप



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

लिखु तामाकोशी गाउँपालिका

रामेछाप

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, प्रशासनिक खर्च बढ्दै गएको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा

महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र २९

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

बागमति प्रदेश लेखापरीक्षण महानिर्देशनालय
काठमाडौ

पत्र संख्याः २०७९।८०
च.नं. ५५ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख ज्यू
लिखु तामाकोशी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय
काठमाडो ।

कैफियत सहितको राय

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँ/नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.७ करोड ३७ लाख ५७ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु.२ करोड ४४ लाख ५० हजार फस्योंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ३५ लाख ८२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ९३ लाख ६ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ६४ लाख १९ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु.१३ करोड ९२ लाख ६० हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु १८ करोड ८५ लाख ६७ हजार रहेको छ । पालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

लिखु तामाकोशी गाउँपालिका, रामेछाप

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
दफा संख्या			दफा संख्या			दफा संख्या				नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
२१	७१	७३७५७	०	१	२४४५०	२१	७०	४९३०७	३५८२	२६४१९	१९३०६	०	०	४५७२५	०

१.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको विवरण

क्र.सं	प्रारम्भिक प्रतिवेदनको दफा नं.	छोटकरी व्यहोरा	रकम रु.
१	७०	विशेष योजना रकम फिर्ता	२४४५०

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
लिखु तामाकोशी गाउँपालिका, रामेछाप	१३९२६०	०	०	१३९२६०	०	४९३०७	१८८५६७

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : लिखु तामाकोशी गाउँपालिका, रामेछाप , लिखु तामाकोशी गाउँपालिका , रामेछाप

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समास मिति
कार्यालय प्रमुख	Navin kumar sah	२०७८-१०-१८	हाल सम्म कार्यरत
लेखा प्रमुख	सन्देश घिमिरे	२०७६-१०-१	हाल सम्म कार्यरत
		बेरुजु रकम	४९,३०७,६६९.०१

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१७,१४,०१,२४७.९	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	३६,७२,९२,०००	**चालु खर्च**	३०,३१,७८,३८३.९९
प्रदेश सरकारबाट अनुदान	४,२५,१०,०००	**पूँजीगत खर्च**	१०,०२,९१,५९२.६
राजश्व बाँडफाँट	१४,७३,६३,२५०.७८	**वित्तीय/अन्य व्यवस्था**	१२,६२,५९,२२६
आन्तरिक आय	६७,४६,२७३.३४		
अन्य आय	१२,६२,५९,२२६		
कुल आय	६९,०१,७०,७५०.१२	**कुल खर्च**	५२,९७,२९,२०२.५९
बाँकी मौज्दात		३३,१८,४२,७९५.४३	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परीचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाकोस्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनश्चत गरी नागरिकलाईगुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ७ वडा, ३७ सभा सदस्य, १२४ वर्ग किलो मिटर क्षेत्रफल तथा २३ हजार १०९ जनसंख्या रहेको छ ।	
२			**संचित कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसाबको आर्थिक वर्ष २०७८/७९ को कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छः	

		बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		५२३०८३२३४	५६३९११५२४.१२		५६३९११५२४.१२
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		५२३०८३२३४	५६३९११५२४.१२	०	५६३९११५२४.१२
११००० कर	११	९७९८१२३४	१४७३६३२५०.७८	०	१४७३६३२५०.७८
१३००० अनुदान		४१०६०२०००	४०९८०२०००	०	४०९८०२०००
संघीय सरकार	१२	३६८०९२०००	३६७२९२०००	०	३६७२९२०००
प्रदेश सरकार	१२	४२५१००००	४२५१००००	०	४२५१००००

१४००० अन्य राजस्व		१४५०००००	६७४६२७३.३४	०	६७४६२७३.३४
ख. अन्य प्राप्ति					
वितरण गर्न बाकी राजस्व		०	०	०	०
कोषहरु		०	०	०	०
धरौटी		०	०	०	०
संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०
भुक्तानी (ग+घ)		७२१५४६२४४	४०३४६९९७६.५९		४०३४६९९७६.५९
ग. भुक्तानी (सञ्चित कोषबाट)		७२१५४६२४४	४०३४६९९७६.५९		४०३४६९९७६.५९
२१००० पारिश्रमिक / सुविधा	१८	११०५०५२४०	१०७६५१३४६.५२	०	१०७६५१३४६.५२
२२००० मालसामान तथा सेवाको उपयोग	१८	१९८६१८५३९	१४९७५०५०६.४७	०	१४९७५०५०६.४७
२५००० सहायता (Subsidy)	१८	०	०	०	०
२७००० सामाजिक सुरक्षा	१८	६४७०००००	४३२८६६६	०	४३२८६६६
२८००० अन्य खर्च	१८	४१४७१४६५	४१४४७८६५	०	४१४४७८६५
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	३६४४८१०००	१००२९१५९२.६	०	१००२९१५९२.६
घ. अन्य भूक्तानी					
कोषहरु		०	०	०	०
धरौटी		०	०	०	०
संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०
ङ. यो वर्षको बचत (न्युन)		-१९८४६३०१०	१६०४४१५४७.५३		१६०४४१५४७.५३
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			१७१४०१२४७.९		१७१४०१२४७.९
वर्षान्तको बाकी रकम (ङ + च)		-१९८४६३०१०	३३१८४२७९५.४३		३३१८४२७९५.४३

३

अन्तर सरकारी वित्तीय हस्तान्तरण अनुदानः उल्लेखित वित्तीय कारोवारमा देहाय बमोजिमको अन्तरसरकारी कारोवार समावेश नभएकोले उक्त वित्तीय विवरणले यथार्थ चित्रण गर्दैन ।

सि.न.	**बजेट शिर्षक**	**बजेट**	**निकाशा/खर्च**
१	प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्धन तथा कोभिड पुनर्स्थापना साझेदारी कार्यक्रम	९८७०००	९८७०००
२	भोतिक पूर्वाधार विकास मन्त्रालय	७१८३२२	७१८३२२
३	एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	२०००००००	०
४	सामाजिक सुरक्षा तथा संरक्षण	१२४५५३९०४	१२४५५३९०४
	जम्मा		**१२६२५९२२६**

४			**वित्तीय बिश्लेषण** : कार्यालयले पेश गरेको विवरण तथा कार्यालयको स्थानीय संचित कोष व्यवस्थापन प्रणालीले तयार गरेको म ले प फारम नं २७२ र मलेप फारम नं २७५ को अध्ययन गर्दा निम्नानुसार को व्यहोरा देखियो । • स्थानीय संचित कोष को म ले प फारम नं २७२ अनुसार संचित कोषको प्राप्ती तर्फ रु ५६ करोड ३९ लाख ११ हजार , मध्ये राजस्वबाट बाँडफाड बापत रु १४ करोड ७३ लाख ६३ हजार , अनुदान बापत रु४० करोड ९८ लाख २ हजार (संघीय सरकारबाट अनुदान बापत रु ३६ करोड लाख ७२ हजार ९२ प्रदेश सरकारतर्फ ४ करोड २५ लाख १० हजार) र अन्य राजस्वमा बाट ६७ लाख ४६ हजार सहित कुल प्राप्ती रु ५६ करोड ३९ लाख ११ हजार देखाएकोमा स्थानीय संचित कोषको आम्दानी प्रतिवेदन अनुसार संचित कोषको प्राप्ती तर्फ रु ५१ करोड ४५ लाख ६५ हजार प्राप्ती भएको मध्ये राजस्व बाँडफाडबाट रु १० करोड ०२ लाख ५१ हजार , अनुदान बापत रु ४० करोड ९८ लाख ०२ हजार (संघीय अनुदान बापत रु ३६ करोड ७२ लाख ९२ हजार र प्रदेश अनुदान तर्फ रु ४ करोड २५ लाख १० हजार) र आन्तरिक राजश्व बाट रु ४५ लाख ११ हजार गरी कुल प्राप्ती रु ४ करोड ९३ लाख ४६ हजार बढी आम्दानी देखाएको । • सुत्र द्धारा तयार भएको मलेप फारम नं २७२ मा अन्तर वित्तीय सरकारी अनुदान बापतको रु १२ करोड ६२ लाख ५९ हजार समावेश नहने हुदा पालिकाले तयार गरेको वित्तिय विवरणले यथार्थ चित्रण गरेकोस्थानीय तहले बैंक समायोजन हिसाव खाता तयार गरेको छैन । • लेखापरीक्षणको क्रममा पेश्की खाता अध्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय व्ययको विवरण यथार्थ मान्न सकिएन । स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको बर्गिकरण तथा खर्च शीर्षक सम्वन्धि व्यवस्था अवलम्वन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचाको प्रयोग गरी प्रतिवेदन तथा लेखाङ्कन गरेको पाइएन । त्यसैले तोकिए बमोजिम वित्तीय विवरणहरु तथा खाताहरु अधावधिक गरी आय तथा व्ययको वास्तविक अवस्था देखिने गरी लेखाङ्कन गर्नुपर्दछ ।	
५			**खाता शुन्य** : स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम पालिकाले आ व अन्त्यमा आफ्नो कोष तथा अन्य खाता बाहेक नियमित प्रकारका खर्च खातामा बाँकी रहेको रकम संचित कोषमा ट्रान्सफर गरी खाता	

			शुन्य बनाउनुपर्नेमा यस वर्ष चालू खातामा रु ३ करोड ०६ लाख २५ हजार र पूँजिगत खातामा रु १२ करोड १३ लाख ६३ हजार गरी कुल रु १५ करोड १९ लाख ८८ हजार बाँकी रहेकोमा नियमानुसार आ व को अन्त्यमा खाता शुन्य बनाउनुपर्दछ ।	
६			**बैंक हिसाव मिलान** : स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्दछ ।	
७			**आन्तरिक नियन्त्रण प्रणाली** :आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन । • पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।	

			• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा आंशिक मात्र गरेको पाईयो । • रु. २५ हजार भन्दा बढीको रकम चेकमार्फत भुक्तानी गर्नुपर्नेमा कतिपय कारोबारहरु कर्मचारीले पेश्की लिई भरपाई गराउने गरेको पाईयो । • निर्माण कार्यको लागि स्वीकृत म.ले.प.फा.नं.५०३ अनुसारको ढाँचामा नापी किताब नराखी कम्प्युटरबाट तयार गरेको लुजसीटमा नापी विवरण उल्लेख गरी खर्च लेख्ने गरेको पाईयो । • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता	

			दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांस योजनामा पालना भएको पाईएन। • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम अभिलेख तथा श्रोत नक्सांकन वा पालिकाको प्रोफाईल तयार गरेको पाईएन। • वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन • निजामती सेवा ऐन, २०४९ को वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन । • निजामती सेवा ऐन, २०४९ को दफा 7ख2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरी खर्च लेखेको पाईयो । • संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
८			**खर्च विश्लेषण**: पालिकामा यसवर्ष कुल आन्तरिक आयबाट रु.४५ लाख ११ , राजस्व बाँडफाटबाट १० करोड ०२ लाख ५१ हजार र अनुदानबाट ४० करोड ९८ लाख गरी जम्मा ५१ करोड ४५ लाख ६२ हजार आम्दानी भएकोमा चालु तर्फ रु.३० करोड ३१ लाख ७८ हजार र पूँजिगत तर्फ रु.१० करोड २ लाख ९१ हजार गरी ४० करोड ३४ लाख ६९ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३७ लाख (१.११) प्रतिशत रहेको छ । यस वर्ष पारिश्रमिक सुविधामा रु.१० करोड ७६ लाख ५१ हजार खर्च भएको छ जुन आन्तरिक आयको २४ गुणा बढी रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व	

<table>
<tr><td></td><td></td><td></td><td>बाँडफाँडको रकमबाट ७५ प्रतिशत चालु र २५ प्रतिशत पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ ।</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । गाँउपालिकाले यस वर्षको आर्थिक कारोबारको चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण नगराई वर्षान्त एकमुष्ठ रुपमा आन्तरिक लेखापरीक्षण गरी प्रतिवेदन पेश गरेको छ। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>उपदानकोष : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१.1 मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारी निजको सेवा शर्त सम्वन्धी कानून बमोजिम अवकास हुदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण औषधि लगायतका सुविधा उपलव्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ । उक्त ऐन को नियम 91.2 अनुसार आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन अनुसार उपदान कोष तयार गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>मासिक रुपमा खर्च र प्रगति विवरण विवरण : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५(१) मा कार्यक्रम कार्यान्वन गर्ने प्रत्येक कार्यालयले अनुसुचि २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ ।नियमानुसार कार्यालयले त्रैमासिक विवरण तयार नगरी चैमासिक विवरण पेश गरेको छ । अतः त्रैमासिक रुपमा खर्च र प्रगति विवरण विवरण तयार गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>चौमासिक पूजिगत खर्च विवरण : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५(१) मा कार्यक्रम कार्यान्वन गर्ने प्रत्येक कार्यालये अनुसुचि २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ ।गाँउपालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप चौमासिक व्यवस्थापन गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । ।कार्यालयले उपलब्ध गराएको चौमासिक खर्च प्रगति विवरण निम्न बमोजिम छन्।
<table>
<tr><th>सि.नं</th><th>खर्च शीर्षक</th><th>कुल खर्च</th><th>चौमासिक खर्च (रु.हजारमा)</th><th>आषाढ महिनाको मात्र</th></tr>
</table>
</td><td></td></tr>
</table>

			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	**खर्च**
1	पूजिगत खर्च	१००२९१.	०.	१२९.	१००१६२.	९८०८३.

१३

क्षेत्रगत बजेटः गाउँपालिकाको कुल बजेट ६३ करोड ३९ लाख ७ हजार र खर्च ४८ करोड ७३ लाख ७८ हजारको आधारमा समग्रमा ७६.८८ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेटको स्थिति निम्नानुसार रहेको छ ।

क स	क्षेत्रगत बजेट	खर्च रकम	खर्च प्रतिशत
१	आर्थिक विकास	६९९८६०२	१.७३
२	सामाजिक विकास	२२१६९६७६६.	५४.९
३	पूर्वाधार विकास	६७५३१४९३.	१६.७
४	सुशासन तथा अन्तसम्नवन्धित क्षत्र	५९०२९२१	१
५	कार्यालय संचालन	१०१३४०१९३	२५
जम्मा		४०३४६९९७५	१००

उपर्युक्त विवरण अनुसार गाउँसभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी सामाजिक विकास ५४.९ प्रतिशत, पूर्वाधार विकासमा १६.७ प्रतिशत र कार्यालय संचालन तथा प्रशासनिकमा२५ प्रतिशत, आर्थिक विकास तर्फ १.७३ प्रतिशत र सुशासन तर्फ १ प्रतिशत मात्र रहेको देखियो ।अतः आर्थिक विकास, वित्तिय व्यवस्थापन र सुशासन क्षेत्रमा बजेट विनियोजन गरी सो क्षेत्रमा सुधार गर्नुपर्ने देखियो।

१४

बजेट पेश तथा पारितः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा २०७८/११/१५ मा नीति तथा कार्यक्रम र बजेट पेश भई रु. ६२ करोड १५ लाख ४६ हजारको बजेट मिति २०७८।१०।३० पारित भएको छ।

			यसैगरी स्थानीय तहका प्रमुखले २०७८।११।१० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । नियमानुसार बजेट पेश गरी समयमै पास गरी प्रमूख प्रशासकिय अधिकृत ७ दिनभित्र अख्तियारी दिनुपर्दछ ।	
१५			**पेश्की बाँकी** : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, 207७ को नियम ४७ मा तोकिएको समय अवधि भित्र पेश्की फछ्यौंट् गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले यस बर्ष पेश्की नरहेको जनाएको छ । पालिकाले पेश्की बिवरणलाई अध्यावधिक गर्नुपर्दछ ।	
१६			**विविध खर्च** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष बिबिध खर्च शिर्षकमा रु.३०२०००० विनियोजन गरी जम्मा रु.३००६००० खर्च लेखेको छ। यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।	
१७			**बालवालिका संरक्षण-** बावुआमा विहिन वालवालिका संरक्षण कार्यक्रम अन्तर्गत ९ जना वालवालिकालाई रु. ८०००।— को दरले ७२०००।— वालवालिकाको नाममा वैङ्कमा दाखिला गरेकोमा त्यसको अनुगमन निर्देशिका बमोजिम मन्त्रालयले कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने र सम्वन्धित स्थानीय तहले भत्ता वितरणको नियमित अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्ने उल्लेख भएकोमा त्यसप्रकारवाट अनुगमन गरेको विवरण पेश भएको छैन ।	७२,०००
१८			**आन्तरिक आय-**	
१८.१			३.१ उल्लेखित विवरण अनुसार वार्ड नं. ४ ले राजश्व प्रयोजनको लागी लिएको रसिद र प्राप्त रकम सहितको विवरण समावेश नभएकोले पालिकाले एकीन गरी जरीवना सहित बाकी रकम असूल गर्नुपर्दछ । ३.२ राजश्व परामर्श समितिः- पालिका अन्तरगत लिखु-३ र लिखु-४ जलविधुत आयोजना यो वर्ष देखि संचालनका आएको र गतवर्ष निर्माणधीन अवस्थामा रहेको स्थिति छ, पालिका अन्तर्गत लिखु खोलाको किनारमा अनाधीकृत रुपमा गिटी तथा वालुवाको संकलित थुप्रोहरु समेत रहेको देखिदा पालिकाले नियमानुसार कर संकलन सम्वन्धी व्यवस्था गरी राजश्व वृद्धी गराउनु पर्दछ ।	
१८.२		२०७९-६-१	कार्यालयवाट प्राप्त विवरण अनुसार गतवर्ष खर्च नभै वाकी रहेको रसीदहरुको मौज्दात जिम्मेवारी सारेको छैन । यदापी चालुवर्ष छपाई भएका रसिद मध्ये प्रति प्याड ५० प्रतिको दरले २० प्याड छपाई गरेकोमा के कति प्रयोग भै कति वाकी रहेका छन् त्यसको विवरण पेश नभएकोले रसिद छपाई र प्रयोगको सम्वन्धमा एकिन गर्न सकिएन । कार्यालयबाट प्राप्त विवरण अनुसार नगदी रसिद वाट रु. १२१३०७३ असुली भएकोमा सोही रकम निम्नानुसार दाखिला भएको विवरण पेश भएकोमा लेखापरीक्षणको क्रममा देखिएको थप	

<table>
<tr><td></td><td></td><td></td><td>व्यहोराहरु निम्ननुसार छन् ।
<table><tr><td>सि.न.</td><td>गाँउपालिका कार्यालय</td><td>असूली/दाखिला</td></tr><tr><td>१</td><td>गाँउपालिका कार्यालय</td><td>३११०६२</td></tr><tr><td>२</td><td>वार्ड-१</td><td>१९३७२५</td></tr><tr><td>३</td><td>वार्ड-२</td><td>२२८५६०</td></tr><tr><td>४</td><td>वार्ड-३</td><td>७६३६०</td></tr><tr><td>५</td><td>वार्ड-४</td><td>-</td></tr><tr><td>६</td><td>वार्ड-५</td><td>१४५२३६</td></tr><tr><td>७</td><td>वार्ड-६</td><td>११०७१०</td></tr><tr><td>८</td><td>वार्ड-७</td><td>१४७४२०</td></tr><tr><td></td><td>जम्मा</td><td>१२१३०७३</td></tr></table></td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>नमूना विद्यालय- मिति/गो.भौ.न. ४।०७९।३।१७ - मा केन्द्रवाट छनौट भएका नमुना विधालय, विशेष विधालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तरन्नती भएका प्राविधिक विधालयको ल्याव व्यवस्थापन अनुदान वापत तामाकोशी जनजागृति मा.वि. लाई रु. ९ लाख भुक्तानी दिएको छ । यदपी उक्त विधालयलाई दिएको रकम वाट संचालन निर्देशिक बमोजिम उक्त रकमको प्राविधिक मूल्याङ्कन गरी कार्यसम्पन्न प्रतिवेदन पेश नभएको रु.</td><td>९००,०००</td></tr>
<tr><td>२०</td><td></td><td></td><td>विल भर्पाइ पेश नभएको- महिला स्वास्थ्य स्वंय सेविकाहरुका लागी संचार खर्च वापत भौ.न.८ मिति ०७९।२।१७ बाट स्वास्थ्य संयोजक कमला कुमारी खड्का लाई दिएको पेश्की रु. १९५५००।— फछ्यौंट गरेकोमा विल भर्पाई पेश नभएको रु.</td><td>१९५,५००</td></tr>
<tr><td>२१</td><td>5</td><td></td><td>कार्य सम्पन्न प्रतिवेदन पेश नभएको- कार्यालयका विभिन्न स्थानमा सडक वत्ति जडान गर्ने कार्यको लागि सोलार street light जडानको लागी एस.पि. ट्रेड एण्ड सप्लायर्स प्रा.लि. संग कोटेशनवाट ६ थान सोलार वत्ती (पोल सहित) जडान गरेको भनि रु. ७९८७४४।— भुक्तानी गरेको छ । तर उक्त प्रालि संग सम्झौता, स्पेशिफिकेशन बमोजिम भए / नभएको प्रमाण तथा कार्यसम्पन्न प्रतिवेदन पेश नभएको रु.</td><td>७९८,७४४</td></tr>
</table>

<table>
<tr>
<td>२२</td>
<td></td>
<td></td>
<td>
औषधी खरिद : सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा सार्वजनिक निकायले खरिद गर्दा प्रतिस्पर्धालाई सिमित गर्ने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था रहेको छ ।साथै सोही ऐनको दफा ६ अनुसार सार्वजनिक निकायले खरिद योजना तयार गरी सोही अनुसार खरिद गर्नुपर्ने व्यवस्था रहेको छ ।त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(१) अनुसार सार्वजनिक निकायले २० लाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको मालसामान खरिद गर्दा खुल्ला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो व्यवस्था विपरित पालिकाले निम्नानुसारको गो भौ नं बाट पालिकालाई आवश्यक पर्ने औषधि तथा औषधिजन्य सामाग्रि विभिन्न मिति र सप्लायर्सबाट टुक्रा टुक्रा पारी खरिद गरी अनियमित भएको रु
<table>
<tr><th>गो भौ नं। मिति । मिति</th><th>मेडिसिन सप्लायर्सको नाम</th><th>विवरण</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>२५२।२०७९।३।२३</td><td>कुनाल फर्मा सप्लायर्स</td><td>औषधि</td><td>८९५०६४</td><td>स्वास्थ्य संस्थाको लागी निशुल्क औषधि खरिद</td></tr>
<tr><td>५३।२०७८।११।२४</td><td>जीवन मेडिसिन सप्लायर्स</td><td>औषधि खरिद</td><td>४९९४९४</td><td>स्वास्थ्य संस्थाको लागी निशुल्क औषधि खरिद</td></tr>
<tr><td>९१।२०७८।१२।१३</td><td>मेरिगोल्ड इन्टरनेसनल प्रा लि</td><td>औषधि खरिद</td><td>४९८७३०</td><td>स्वास्थ्य संस्थाको लागी निशुल्क औषधि खरिद</td></tr>
<tr><td>१९५।२०७९।३।१९</td><td>रुपाकोट हलेसी मेडिसिन सप्लायर्स र वि एस एल ट्रेडिङ कन्सर्न</td><td>औषधि खरिद</td><td>५४६११३</td><td>स्वास्थ्य संस्थाको लागी निशुल्क औषधि खरिद</td></tr>
<tr><td>२४३।२०७९।३।२२</td><td>कुडाल फर्मा सप्लायर्स</td><td>औषधि खरिद</td><td>९९४५०७</td><td>स्वास्थ्य संस्थाको लागी निशुल्क औषधि खरिद</td></tr>
<tr><td>२४५।२०७९।३।२२</td><td>जीवन मेडिसिन सप्लायर्स</td><td>औषधि खरिद</td><td>९९९८८५</td><td>स्वास्थ्य संस्थाको लागी निशुल्क औषधि खरिद</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>४४३३७९३</td><td></td></tr>
</table>
</td>
<td>४,४३३,७९३</td>
</tr>
<tr>
<td>२३</td>
<td></td>
<td></td>
<td>बढी भुक्तानी : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ अनुसार सार्वजनिक निकायले खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भई सार्वजनिक निकायले भेरिएसन आदेश स्वीकृत गराउन सक्ने व्यवस्था रहेको छ । साथै खरिद ऐन २०६३ को दफा ८(२) मा प्रतिष्पर्धालाई सीमित गर्ने गरी टुक्रा टुक्रा पारी</td>
<td>१,९६७,३६३</td>
</tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>खरिद गर्न नहुने व्यवस्था रहेको छ । कार्यालयले समपुरक योजना अन्तर्गत पालिकाले खानी खोला ठूलो खेत सिंचाई परियोजनाको बिस्तृत अध्ययन प्रतिवेदन तयार गरी सोही अनुसार ठेक्का आव्हान गरेकोमा सो परियोजना निर्माण गर्नको लागि रु ८०४८३६८ कवोल गर्ने श्री खिम्ती दहाल कन्ट्रक्सनसँग सम्झौता गरी कार्यदिश दिई सो निर्माण व्यवसायीले समयमै कार्यसम्पन्न गरी गो भौ १८३।०७९।३।२५ बाट अन्तिम विल बापत रु ८०८५५३ गरी कुल कार्यसम्पन्न प्रतिवेदन को आधारमा रु ८०४८६०४ भुक्तानी भएकोमा पालिकाले उक्त कार्यको थप कार्य भएको भनी कोटेसन मार्फत कार्य गराएको भनी सोहि अन्तिम विल भुक्तानी गर्दा कै मितिबाट उहि निर्माण व्यवसायीलाई गो भौ नं १८९।०७९।३।२५ रु ९७०९२६ र गो भौ नं १८७।०७९।३।२५ बाट भुक्तानी भएको रु ९९६४३७ गरी रु १९६७३६३ कार्यक्रमको स्वीकृत तथा प्रमाण बेगर भुक्तानी भएको हुदा उक्त भुक्तानी बापतको रकम असुल गरी दाखिला गर्नुपर्ने रु</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>पेश्की- न्युनतम सेवा मापदण्ड सुधारका लागी स्वास्थ्य संस्था लाई सशर्त अनुदान वापतको रकम वाट स्वास्थ्य संयोजक कमला कुमारी खड्का को नाउमा पेश्की दिएको छ । तर प्रदेश सरकारवाट हस्तान्तरित कार्यक्रम अन्तर्गत आर्थिक वर्षभरी खर्च नभै पेश्की फछ्यौंट नभएकोले उक्त रकम रु.३०००००।- प्रदेश संचितमा दाखिला हुनुपर्ने रु.</td><td>३००,०००</td></tr>
<tr><td>२५</td><td></td><td></td><td>पोशाक भत्ता : कार्यक्रम कार्यान्वयन पूस्तिका २०७७ अनुसार अवकास प्राप्त शिक्षकलाई सो वर्षको लागी पोषाक खर्च बापतको रकम भुक्तानी गर्न नहुने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारका विद्यालयबाट अवकाश प्राप्त शिक्षकलाई पोषक खर्च बापत उपलव्ध गराएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>क स</th><th>विद्यालयको नाम</th><th>शिक्षकको नाम</th><th>बढी भुक्तानी रु</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>सिद्धेश्वर आ वि दुरा गाँउ</td><td>सुरेश कुमार पौडेल</td><td>१००००</td><td>पोशाक बापत</td></tr>
<tr><td>२</td><td>सरस्वती आ वि तिल्पुङ</td><td>बद्री विक्रम ढुङ्गेल</td><td>१००००</td><td>पोशाक बापत</td></tr>
<tr><td>३</td><td>नमुना आ वि सैपु</td><td>रेख बहादुर पौडेल</td><td>१००००</td><td>पोशाक बापत</td></tr>
<tr><td>४</td><td>झट्टेश्वर मा वि धोवी</td><td>कुमार पाखिन</td><td>१००००</td><td>पोशाक बापत</td></tr>
<tr><td>५</td><td>नव ज्योति आ वि तिल्पुङ</td><td>सर्मिला कडरीया</td><td>१९३१२</td><td>तलव र पोशाक</td></tr>
<tr><td>६</td><td>कालिका देवि आ वि सैपु</td><td>अम्विका खुलाल</td><td>१००००</td><td>पोशाक बापत</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>६९३१२</td><td></td></tr>
</table></td><td>६९,३१२</td></tr>
</table>

<table>
<tr>
<td>२६</td>
<td></td>
<td></td>
<td>पाठ्य पुस्तक वितरण : कार्यक्रम कार्यान्वयन पूस्तिका २०७७ अनुसार स्थानीय तहले गत वर्षको EMIS को आधारमा शिक्षा मन्त्रालयले सो आ व को लागी जारी गरेको पाठ्य पुस्तकको दरले हिसाव गरी कुल रकमको ७५ प्रतिशत बापतको रकम सम्वन्धित विद्यालयको खातामा निकासा दिने र पछि विल भरपाई तथा विद्यार्थि भर्नाको आधारमा बढीमा थप २५ प्रतिशत सम्म रकम भुक्तानी गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले निशुल्क पाठ्य पुस्तक वितरण अन्तर्गत निम्न विद्यालयलाई दोस्रो चरणमा पेश गरेका विल भरपाई र विद्यार्थि भर्नाको दरमा सुरुको स्वीकृत लागत अनुमानको बढीमा २५ प्रतिशत सम्म रकम भुक्तानी दिनुपर्नेमा सो भन्दा बढी निम्नानुसारको विद्यालयलाई भुक्तानी भएको भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>क स</th><th>विद्यालयको नाम</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>१</td><td>भृङ्गेश्वर मा वि कोट गाँउ</td><td>११६०६</td></tr>
<tr><td>२</td><td>त्रिपुरेश्वर मा वि दुरा गाँउ</td><td>३७५८२</td></tr>
<tr><td>३</td><td>मा वि ज्यामिरे खिम्ति</td><td>१४५७१</td></tr>
<tr><td>४</td><td>तामाकोशी जज मा वि खिम्ति</td><td>२०६९४</td></tr>
<tr><td>५</td><td>बुद्ध जनप्रिय मा वि नागदह</td><td>१८०२६</td></tr>
<tr><td>६</td><td>झट्टेश्वर मा वि धोवि</td><td>३४०५७</td></tr>
<tr><td>७</td><td>नवदर्शन मा वि कटहरे</td><td>१८०४९</td></tr>
</table>
</td>
<td>१५४,५८५</td>
</tr>
<tr>
<td>२७</td>
<td></td>
<td></td>
<td>प्रविधि हस्तान्तरण : गरिवी निवारणका लागी लघु उद्यम विकास निर्देशिका २०७७ अनुसार प्रविधि हस्तान्तरण कार्यक्रममा सम्बन्धित लाभग्राहिले प्राप्त गर्ने प्रविधिको कुल लागतमा २० प्रतिशतका दरले लागत साझेदारी गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले २० जना लघु उद्यम सिलाई कटाई तालिमका लाभग्राहिलाई उनीहरुको २० प्रतिशतको योगदानको प्रमाण वेगर सिलाई मेशिन आपुर्ति गरी वितरण गरेको भनि खहरे खोला इन्टर प्राइजेज लाई गो भौ नं ७१।२०७९।३।१७ बाट रु ७३४५०० भुक्तानी भएको छ । लाभग्राही समुहको २० प्रतिशतका दरले योगदान देखिने प्रमाण पेश गर्नुपर्ने रु</td>
<td>१४६,९००</td>
</tr>
<tr>
<td>२८</td>
<td></td>
<td></td>
<td>शिर्षक फरक पारी खर्च लेखेको : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार सार्वजनिक नियकाले एक शिर्षकमा विनियोजन भएको रकम अर्को शिर्षकमा खर्च लेख्नहुने व्यवस्था रहेको छ । पालिकाले समपुरक योजनाको लागि विनियोजन गरेको समपुरक कोषबाट चालू प्रकृतिको गाडि भाडा भनी आङ्ग छिरिङ्ग तामाङ्ग , छत्र बहादुर तामाङ्ग र याम नारायण</td>
<td>९९८,६६६</td>
</tr>
</table>

			श्रेष्ठ र विद्या साग बस्नेत लाई जनही रु २१४२००, ३५२८००, १२७००० र २०५८०० गरी गो भौ नं १८२।०७९।३।२४ बाट रु ९९८६६६ खर्च लेखेको छ । शिर्षक फरक पारी खर्चको औचित्य पुष्टि नहुने कार्यमा खर्च लेखि अनियमित भएको रु	
२९			**संघीय सञ्चित कोषमा फिर्ता :** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ (१) अनुसार संघीय सञ्चित कोषबाट सशर्त अनुदानमा जुन जुन शिर्षकमा रकम तोकिएको छ सोहि शिर्षकमा खर्च गर्ने र बाँकी रकम बर्षान्तमा सम्वन्धित सञ्चित कोषमा फिर्ता पठाउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले संघीय सशर्त अनुदान शिर्षकबाट विनियोजन नभएको स्वास्थ्यकर्मीलाई सञ्चार खर्च भनि गो भौ नं १०१।२०७९।३।२५ बाट १९ जना स्वास्थ्यकर्मीको नाम रु ११०००० बैक दाखिला भएको छ । रकम विनियोजन वेगर खर्चबापतको रकम सम्वन्धित सञ्चित कोषमा फिर्ता पठाउनुपर्ने रु	११०,०००
३०			**झोला तथा छाता खरिद :** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७को नियम ३९ (८) अनुसार सार्वजनिक निकायले कुनै पनि कार्यक्रम सञ्चालन गर्नुपुर्व लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गर्ने तथा कार्यक्रम सञ्चालन गरिसकेपश्चात त्यस्तो कार्यमा भएको खर्च खरिद गरिएको मालसामानको विवरण तथा विल भरपाई सहित कार्यक्रमबाट लाभान्वित व्यक्तिको संख्या समावेश गरी प्रतिवेदन तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले गो भौ नं ९४।२०७९।३।२३ बाट गाँउ पालिकाको नाम र लोगो छपाई सहितको व्याग (१४० थान)र छाता(१४० थान) खरिद गरेको भनि वि मु इन्टरप्राइजेजलाई रु ८६९३०१ भुक्तानी भएको छ ।नियमानुसार कार्यक्रम सञ्चालन पूर्व कार्यक्रमको लागत अनुमान स्वीकृत नगरी, सामानको आवश्यकता पहिचान नगरीकनै वितरण गरेको भरपाईको आधारमा भुक्तानी दिई अनियमित भएको रु	८६९,३०१
३१			**बढी भुक्तानी :** निजामती सेवा ऐन २०४९ को दफा २७ अनुसार स्वीकृत तलवी प्रतिवेदन अनुसार राष्ट्र सेवक कर्मचारीले बार्षिक तलव भत्ता बापतको रकम प्राप्त गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले सहायक पाँचौ पदमा कार्यरत विन्दा पौडेललाई आ व २०७८।७९ को लागी वेशिक तलव रु ३०२०० र पाकेको ८ ग्रेड बापतको रु ८०५० का दरले १ बर्षको रु ४९६९९३ भुक्तानी हुनुपर्नेमा ७ ग्रेडका दरले भुक्तानी दिई १ बर्षको रु ४८३६०० भुक्तानी दिएकोमा ग्रेड छुट भएको भनि चैत्र महिनाको तलव भत्ता र पोषाक बापतको ४७ हजार रकम भुक्तानी गर्नुपर्नेमा गो भौ नं २८।२०७९।१।११ बाट रु २ लाख ९४ हजार र बैसाख महिनाको तलव भत्ता बापत रु ३७२०० भुक्तानी हुनुपर्नेमा गो भौ नं ४२।२०७९।१।२३ बाट रु २लाख ५२ हजार भुक्तानी भई २ महिनाको कुल बढी रु ४६२२८९र १० प्रतिशतका दरले सञ्चय कोषमा थप बापत रु ५४००० गरी ५१६२८९ बढी भुक्तानी भएकोमा १ वर्ष भरिमा १ ग्रेड बापतको छुट रकम रु १३०८६ घटाई बढी भुक्तानी भएको रु ५०३२०३ सम्वन्धित कर्मचारीबाट असुल गरी दाखिला गर्नुपर्ने रु	५०३,२०३

<table>
<tr><td>३२</td><td></td><td></td><td>समायोजन ग्रेड : कर्मचारी समायोजन ऐन २०७५ अनुसार समायोजनमा जाने कर्मचारीलाई समायोजन पश्चात २ ग्रेडका दरले समायोजन ग्रेड बापतको सुविधा प्रदान गर्ने व्यवस्था रहेको छ । पालिकाले मिति २०७८।९।२३ मा समायोजन भएका अ हे व श्री राम बाबु शाह लाई समायोजन पूर्व मिति २०७६।४।२ देखि समायोजन बापतको ग्रेड बापतको रकम एकमुष्ट रुपमा माग गरी माग गरकोमा मिति २०७८।१०।२७ सम्मको समायोजन ग्रेड बापतको रकम छुट भएको भनि गो भौ नं १०।२०७८।१०।२७ बाट रु ५९४८० भुक्तानी भएको छ । समायोजन पुर्वको समायोजन ग्रेड बापतको रकम असुल गरी दाखिला गर्नुपर्ने रु</td><td>५९,४८०</td></tr>
<tr><td>३३</td><td></td><td></td><td>प्रशिक्षक भत्ता : अर्थ मन्त्रालयद्वारा जारी गरिएको कार्य सञ्चालन निर्देशिका २०७५ को सातौं संशोधन अनुसार कुनै पनि कार्यक्रममा प्रशिक्षण दिने प्रशिक्षकलाई प्रति कक्षा पढाए बापत रु ६०० र कार्य पत्र तयारी गरेबापत ७०० गरी प्रति कक्षा रु १५०० का दरले भुक्तानी दिने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारको कार्यक्रममा प्रशिक्षण गरेको भनि प्रशिक्षकलाई निम्नानुसारको भुक्तानी दिएको छ । दैनिक कार्य तालिका र प्रत्येक कक्षाको कार्य पत्र वेगर भुक्तानी दिएको रकम पुष्टि गर्ने आधार पेश गर्नुपर्ने रु
<table>
<tr><th>सि नं</th><th>गो भौ नं/मिती</th><th>कार्यक्रमको नाम</th><th>प्रशिक्षणभत्ता (५ दिनको)</th></tr>
<tr><td>१</td><td>५५।२०७९।३।१६</td><td>तरकारी खेती सम्बन्धि प्राविधिक सीप विकास तालिम</td><td>२००००</td></tr>
<tr><td>२</td><td>५६।२०७९।३।१६</td><td>बाखा पालनसँग सम्बन्धित सिप विकास तालिम</td><td>२००००</td></tr>
<tr><td>३</td><td>५८।२०७९।३।१६</td><td>बंगुर पालनसँग सम्बन्धित सीप विकास तालिम</td><td>२००००</td></tr>
<tr><td>४</td><td>९८।२०७९।३।२४</td><td>झोला तथा पर्स बनाउने सम्बन्धि दुई महिने प्राविधिक तालिम</td><td>७००००+ १२०००(खाना खर्चबापत)</td></tr>
<tr><td>५</td><td>९८।२०७९।३।२४</td><td>बाखा पालन कार्यक्रम</td><td>२००००</td></tr>
<tr><td>६</td><td>९८।२०७९।३।२४</td><td>सिलाई कटाई सम्बन्धि दुई महिने तालिम</td><td>७००००</td></tr>
</table></td><td>२३२,०००</td></tr>
<tr><td>३४</td><td></td><td></td><td>कार्यसम्पन्न प्रतिवेदन : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७को नियम ३९ (८) अनुसार सार्वजनिक निकायले कुनै पनि तालिम तथा कार्यशाला जस्ता कार्यक्रम सञ्चालन गर्नुपुर्व लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गर्ने तथा कार्यक्रम सञ्चालन गरिसकेपश्चात त्यस्तो कार्यमा भएको खर्च खरिद गरिएको मालसामानको विवरण तथा विल भरपाई सहित कार्यक्रममा उपस्थित तथा कार्यक्रमबाट लाभान्वित व्यक्तिको संख्या र उपस्थिति समेत समावेश गरी प्रतिवेदन तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले गरिवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम सञ्चालन गरेको भनि निम्नानुसारको गो भौ नं बाट उद्यम सहजकर्ता मिना वि क को नाममा रकम भुक्तानी भएको छ । कार्यक्रम</td><td>१,०१०,५५०</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>सञ्चालनबाट लाभग्राहीले प्राप्त गरेको प्राप्तिको लेखाजोखा सहित खरिद गरिएका सामाग्रीको विवरण खुल्ने गरी नियमानुसार आवश्यक विल भरपाई सहितको प्रतिवेदन तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराएको प्रमाण पेश गर्नुपर्ने रु
<table>
<tr><th>गो भौ नं /मिति</th><th>कार्यक्रमको नाम</th><th>पेश्की लिने व्यक्ति</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>४८।२०७९।२।१८</td><td>गरिवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम</td><td>मिना वि क र विनु नेपाली</td><td>१३८०००</td></tr>
<tr><td>५३।२०७९।३।८</td><td>गरिवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम</td><td>मिना वि क</td><td>५८५००</td></tr>
<tr><td>५५।२०७९।३।१६</td><td>तरकारी खेती सम्बन्धी प्राविधिक सीप विकास तालिम</td><td>मिना वि क</td><td>८२३५०</td></tr>
<tr><td>५६।२०७९।३।१६</td><td>बाखा पालनसँग सम्बन्धित सिप विकास तालिम</td><td>मिना वि क</td><td>६१६२५</td></tr>
<tr><td>५७।२०७९।३।१६</td><td>बंगुर पालनसँग सम्बन्धित सीप विकास तालिम</td><td>मिना वि क</td><td>९८७००</td></tr>
<tr><td>९८।२०७९।३।२४</td><td>झोला तथा पर्स बनाउने सम्बन्धि दुई महिने प्राविधिक तालिम</td><td colspan="2" rowspan="3">५७१३७५</td></tr>
<tr><td>९८।२०७९।३।२४</td><td>बाखा पालन कार्यक्रम</td></tr>
<tr><td>९८।२०७९।३।२४</td><td>सिलाई कटाई सम्बन्धि दुई महिने तालिम</td></tr>
</table></td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>पदाधिकारी भत्ता: स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार पदाधिकारीले आफ्नो कार्य क्षेत्रभित्र अनुगमन गरेवापत रकम भुक्तानी दिने व्यवस्था गरेको देखिदैन । पालिकाले गो भौ नं ९५।२०७९।३।२३ बाट आफ्नो कार्य क्षेत्रमा अनुगमन तथा मूल्याङ्कन गरेको भनि गाँउपालिका अध्यक्ष केशव महतलाई रु. १४४०० र दीपा पाखिनलाई ३६०० भुक्तानी भएको देखियो । नियम विपरित भुक्तानी दिएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु</td><td>१८,०००</td></tr>
<tr><td>३६</td><td></td><td></td><td>दिवा खाजा कार्यक्रम: कार्यक्रम कार्यान्वयन निर्देशिका २०७७ अनुसार स्थानीय तहले चौमासिक रुपमा विद्यालयमा अध्ययनरत विद्यार्थिको विवरण भर्ना भएका विद्यार्थि र विद्यालय तथा स्थानीय तहका जिम्मेवार पदाधिकारीको सयुक्त अनुमन समितिले सत्यापन पत्र तयार गरी सोही अनुसार चौमासिक विवरण तयार गरी सोहि अनुसार अनुदान रकम वितरण गर्नुपर्ने विवरण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सो व्यवस्था विपरित पालिकाले यस बर्ष आव को अन्तिम तिर गो भौ नं ६३।०७९।३।१७ र गो भौ नं ६९।०७९।३।१७ बाट क्रमस रु ५२६०५३० र २१३२४७० गरी कुल रु ७३९३००० रकम भुक्तानी गरेकोमा विद्यालयले विद्यार्थि विवरण तथा सत्यापन पत्र बेगर भुक्तानी दिई अनियमित भएको रु</td><td>७,३९३,०००</td></tr>
</table>

<table>
<tr><td>३७</td><td></td><td></td><td>पेश्की- २८७।०७९।३।२५ पालिकाको वार्ड नं. ६ अन्तर्गत युवा खेलकुद कार्यक्रमको लागी खेलकुद सामाग्री खरिदको लागी प्रशासन सहायक साल बहादुर थापाको नाउमा रु. ३ लाख पेश्की उपलब्ध गराएकोमा भौचन नं. २९६।०७९।३।३२ बाट निजको पेश्की फछ्यौंट गरेकोमा प्रमाण संलग्न नभएको रु.</td><td>३००,०००</td></tr>
<tr><td>३८</td><td></td><td></td><td>पारिश्रमिक कर- आयकर ऐन, २०५८ बमोजिम देहायका पदाधिकारीको करयोग्य आयमा नियमानुसार पारिश्रमिक कर कट्टा गर्नुपर्नेमा सो कट्टा नगरी भुक्तानी दिएकोले देहाय बमोजिम असूल गरी दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>सि.न.</th><th>पद र नाम</th><th>करयोग्य आय</th><th>कर रकम</th></tr>
<tr><td>१</td><td>शिक्षा अधिकृत छैठौ राम सिंह डडाल</td><td>६३७३०१</td><td>२०४८३</td></tr>
<tr><td>२</td><td>इन्जिनियर छैठौ रोसन बहादुर श्रेष्ठ</td><td>७१३२८१</td><td>३५६७९</td></tr>
<tr><td>३</td><td>लेखापाल पाचौं सन्देश घिमिरे</td><td>५६१८९१</td><td>६३७९</td></tr>
<tr><td>४</td><td>सहायक पाचौं तृष्णा दुर्गा राई</td><td>५६१८९१</td><td>६३७९</td></tr>
<tr><td>५</td><td>सहायक पाचौं उमेश गुरुङ</td><td>५६१८९१</td><td>७३७९</td></tr>
<tr><td>६</td><td>प्राविधिक साहायक पाचौं जय कृष्ण चौलागाई</td><td>५६१८९१</td><td>६३७९</td></tr>
<tr><td>७</td><td>नि.प्र. प्रशासकिय अधिकृत नविन कुमार साह</td><td>६१४९२६</td><td>१६८९७</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>९९५७५</td></tr>
</table></td><td>९९,५७५</td></tr>
<tr><td>३९</td><td></td><td></td><td>सवारी मर्मत- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७३ को दफा २४(१) बमोजिम अधिकार प्राप्त अधिकारीले स्वीकृत वजेट, कार्यक्रम र उपलव्ध स्रोत समेतको आधारमा खर्चको आदेश दिनुपर्ने व्यवस्था छ । तर गाँउपरिषदको ०७९।३।१६ को निर्णय नं. ५ बमोजिम गाँउपालिकाको वा २फ३५७५ को मर्मत वापतको रकम विल भर्पाई वमोजिम भुक्तानी गर्ने निर्णय बमोजिम विपत व्यवस्थापन कोष बाट सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ बमोजिम ५ लाख रुपैया भन्दा वढीको मर्मत कार्य सिलबन्दी दरभाउ पत्र बाट खरीद गर्नुपर्नेमा सिधै मर्मत गराई गोरखकाली अटो केयर सेन्टरको विल बमोजिम रु. ८७२७५६ भुक्तानी गरेको रु. ।</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>सामाजिक सुरक्षा भत्ता वितरण गर्दाको भाडा- पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण गर्दा पहिलो चौमासिकमा पालिकाको विभिन्न</td><td>६३७,०००</td></tr>
</table>

			वडाहरुबाट वैङ्क सम्म ल्याउन र लैजानका लागि गाडी संग सम्झौता गरेको देखियो । गाँउपालिकास्तरीय २०७८।१०।२४ को निर्णय नं. ११ बाट भत्ता वितरणका गर्न प्रति दिन रु. २३०००।- का दरले जम्मा १९ दिनका लागि रु. ४३७०००।— खर्च गरेको छ भने काठमाण्डौ बाट लाभग्राहीलाई पालिकाले भत्ता वितरण गर्ने बैङ्क सम्म ल्याउन रु. २०००००।— खर्च गरेको देखिन्छ । आन्तरिक स्रोतको प्रयाप्त आम्दानी नहुदा नहुदै आवश्यकता पहिचान विना नै गाडी भाडामा लिई खर्च लेखेको अनियमित रु.	
४१			**सामाग्री खरिद-** सार्वजनिक खरिद ऐन २०६३ को दफा ४ अनुसार सार्वजनिक निकायले खरिद गर्नु पूर्व त्यसको आवश्यकता तथा अन्य विवरणको अध्यायन गरी विवरण तयार गर्नु पर्ने व्यवस्था रहेको छ । पालिकाका लागि अपाङ्ग भएका नागरिकका लागि स्टेचर खरिद र जेष्ठ नागरिक सम्मानका लागि लठ्ठी खरिद गरेकोमा उक्त सामान निम्नानुसार रु.१५८१५६२।- सिधै खरिद गरी स्टोरमा नै मौज्दात रहेको रु.	१,५८१,५६२

गो.भौ.न./मिति	सामान	रकम
१९०।०७९।३।१७	लौरो	९८३४३०
२४६।०७९।३।२२	स्टेचर	४९८१३२
	जम्मा	१५८१५६२

४२			**अग्रिम कर कट्टी :** आय कर ऐन २०५८ को दफा ८९(३ क) मा उपभोक्ता समितिमार्फत काम गराउने गरी गरिएको ५० लाख भन्दा बढीको भुक्तानी रकममा १.५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले गो भौ नं १९६।२०७९।३।२५ बाट धोवी वजार सडक ढलान उ स लाई रु ६२५२८४४ भुक्तानी दिदाँ नियमानुसार १.५ प्रतिशतका दरले रु ९३७९२ कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो नगरी भुक्तानी दिएकोमा कर बापतको रकम असुल गरी दाखिला गर्नुपर्ने रु	९३,७९२
४३			**एक गाँउ एक प्राविधिक खर्च :** एक गाँउ एक पशु सेवा प्राविधिक व्यवस्थापन कार्यविधि २०७३ अनुसार स्थानीय तहमा कार्यरत एक गाँउ एक प्राविधिक पदमा कार्यरत कर्मचारीलाई चाडपर्व सहित ६ महिनाको तलव भत्ता संघीय सरकार सशर्त अनुदानबाट खर्च लेख्ने र बाँकी ६ महिनाको तलव भत्ता सम्वन्धित पालिकाले आफ्नो श्रोतबाट खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ । पालिका मातहत कार्यरत २ जना प्राविधिक कर्मचारीलाई जनही प्रतिमहिना रु २८६१० का दरले ७ महिनाको रु २००२७० का दरले कुल रु ४००५४० खर्च लेख्नुपर्नेमा संघीय सरकारबाट विनियोजन भएको रु ६ लाख सबै नै खर्च लेखेको हुदा कार्यविधि भन्दा बढी खर्च लेखेको रु १७९४६० संघीय संचित कोषमा फिर्ता पठाएको प्रमाण पेश गर्नुपर्ने रु	१७९,४६०

४४

जटिल संरचना : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

गो भौ नं । मिति	उ स को नाम	निर्माण कार्य	भुक्तानी भएको रकम
१४२।२०७९।३।२२	प्राथमिक स्वास्थ्य केन्द्र भवन मर्मत तथा व्यवस्थापन समिति	प्राथमिक स्वास्थ्य केन्द्र भवन मर्मत	४८९८५००
२६।२०७९।३।१६	कल्लेरी माथिल्लो टोल सार्वजनिक भवन निर्माण उ स	सार्वजनिक भवन निर्माण	४८५०००
१२६।२०७९।३।२२	प्रहरी भवन व्यवस्थापन उ स	प्रहरी भवन व्यवस्थापन	६७९०००
५३।२०७९।३।१७	कविर खोला पुल निर्माण उ स	पुल निर्माण	१४५५००
१५६।२०७९।३।२३	कमरे चिलाउने खोला ढलान पुल निर्माण उ स	पुल ढलान	२६८४५६

४५

हेभी इकुपमेन्ट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

गो भौ नं ।मिति	उ स को नाम	निर्माण कार्य	भुक्तानी रकम	कैफियत
१९६।२०७९।३।२५	धोवी वजार सडक ढलान	सडक ढलान	६२५२८४४	हेभी निर्माण सामाग्रीको प्रयोग

३१।२०७९।३।१६	भुवनेश्वरी आ वि ग्राउण्ड व्यवस्थापन उ स	ग्राउण्ड निर्माण	२४२५००	हेभी निर्माण सामाग्रीको प्रयोग
९६।२०७९।३।२१	ढवुर डाँडा छिरिङ्गे स्कुल सम्म सडक निर्माण उ स	सडक उ स	१४०६३९३	हेभी निर्माण सामाग्रीको प्रयोग
१७६।२०७९।३।२४	सिमपानी नागदह धोवी सडक उ स	सडक निर्माण	१६२८२६२	हेभी निर्माण सामाग्रीको प्रयोग
९७।२०७९।३।२१	छापैया वोटे धोवी स्कुल सडक उ स	सडक निर्माण	९७००००	हेभी निर्माण सामाग्रीको प्रयोग
१२३।२०७९।३।२२	धोवि स्वारा सति पोल्ने सडक मर्मत उ स	सडक मर्मत	६३६९४६	हेभी निर्माण सामाग्रीको प्रयोग

४६ **डि पि आर खरिद:** स्थानीय तहले बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ । ७,६९३,००१

गो भौ नं /मिति	कार्यक्रमको नाम	परामर्शदाता	खर्च रकम
७३।२०७९।३।१९	ढिलौटी चोक्टे खोला दुरा गाउँ साब्रा खोला हुपिना सडक डी पि आर तयारी	ब्ल्याक डाइमन्ड कन्सल्ट्रेन्ट एण्ड कन्ट्याक्टर प्रा लि	१३९०३५५
४८।२०७९।३।१७	हलेदि बाट नागदह हुँदै धोवि सम्म सडक डि पि आर तयारी	रिपल्ट ट्रेनिङ एण्ड कन्सल्ट्रिङ सर्भिसेस प्रा लि	१७७६९२०
६९।२०७९।३।१९	धोवीघाट गोठगाउ हुँदै ढाडे सिरेसे सम्म डि पि आर तयारी	ग्यालेक्सी इन्जिनियरिङ ट्रेडिङ प्रा लि	१५३१६०२
११।२०७९।१।२८	वडा कार्यालय डि पि आर तयारी	जि एण्ड जि कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सि	७९७२१५
११७।२०७९।३।२२	जगमाने निगाले बाँसे सडक डि पि आर तयारी	अस्टर इन्जिनियरिङ कन्सल्टेन्सी प्रा लि	८०४५००
६७।२०७९।३।१९	धोवी बास स्वारा चिलाउने खोल्मा गाउँ सडक डि पि आर	थ्रि डट्स आर्किटेक्स प्रा लि	७९४५०३
१५५।२०७९।३।२२	नागदह स्वास्थ्य चौकी छेउ नजिकबाट लाकौरी डाँडा हुँदै भालुखोप मालिका आधारभुत प्रा वि सम्म डि पि आर	इन्ट्रिग्रेटेड डिजाईनर्स एसोसियट	४९७९०६

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>तयार गर्ने</td><td></td><td></td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>७६९३००१</td></tr>
</table>
क) सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धालाई सिमित गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था रहेको छ ।सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार सार्वजनिक निकायले कुनै पनि वस्तु तथा सेवा खरिद गर्दा लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले सो व्यवस्था विपरित लागत अनुमान तयार नगरी टुक्रा टुक्रा पारी विभिन्न स्थानको डि पि आर तयार गर्नका लागी छुट्टाछुट्टै प्याकेज बनाई रु ७६९३००१ लाख खर्च लेखी अनियमित भएको रु ख) डी.पी.आर. तयार गर्दा गाउँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाउँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । परामर्शदातालाई दिएको टर्म अफ रिफरेन्समा ड्राफ्ट रिपोर्ट एक प्रति, फाइनल रिपोर्ट २ प्रति बुझाउनुपर्ने र भुक्तानी तरिकामा ३० प्रतिशत भुक्तानी फिल्ड र डाटा पेश भएपछि, ५० प्रतिशत भुक्तानी ड्राफ्ट रिपोर्ट पेश भएपछि र २० प्रतिशत भुक्तानी अन्तिम प्रतिवेदन पेश भएपछि हुने उल्लेख छ। एकै पटक भुक्तानी भएको आधारमा फिल्ड प्रतिवेदन र ड्राफ्ट प्रतिवेदन प्राप्त भई सो उपर छलफल राय सुझाव सहित अन्तिम प्रतिवेदन पेश भएको सम्बन्धमा विश्वस्त हुने आधार देखिएन । ग) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८१(७) मा परामर्शदाताले सम्झौता गरेको ३० दिनभित्र सम्झौताको कुल रकम समेट्ने गरी सार्वजनिक निकायलाई निशर्त भुक्तानी हुने पेशागत दायित्व विमाको प्रमाण पेश गर्नुपर्ने तथा उपनियम ८ बमोजिम त्यस्तो सम्झौता गर्ने परामर्शदाताले तोकिएको म्याद भित्र पेशागत दायित्व बिमा दाखिला नगरेमा सार्वजनिक निकायले त्यस्तो खरिद सम्झौताको अन्त्य गरी निजलाई कालो सुचिमा राख्न सम्वन्धित निकायमा सिफारिस गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सो व्यवस्था विपरित डी पी आर निर्माण कार्यको कुनै पनि योजनामा पेशागत दायित्व विमा गरेको देखिएन । आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>४७</td><td></td><td></td><td>कर्मचारी भ्रमण- यस पालिकामा वाट सर्लाही, कविलासि गाँउपालिका सरुवा भएका कर्मचारी श्री जयप्रकास राय लाई सरुवा भ्रमण भत्ता वापत रु. ३५६००।— भुक्तानी दिएको देखिन्छ । पालिकावाट सरुवा हुदा रवना पत्र नराखेको हुनाले भ्रमण भत्ता लिए नलिएको खुल्न आएन । कविलासि गाँउपलिकाबाट भ्रमण खर्च नलिएको प्रमाण ल्याउनुपर्ने रु.</td><td>३५,६००</td></tr>
<tr><td>४८</td><td></td><td></td><td>मर्मत खर्च- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ मा सार्वजनिक निकायले मर्मत अभिलेख खाता तयार गरी सार्वजनिक खरिद नियम अनुसार खरिद योजना तयार गरी सोही अनुसारको खरिद प्रकृया अपनाई मितव्ययी तवरले मर्मत खर्च</td><td></td></tr>
</table>

गर्नुपर्नेमा पालिकाले निम्नानुसारको गो.भौ.नं. तथा मितिमा निम्नानुसारको पार्टिबाट मर्मत कार्य गराएको भनि पालिकाले रकम भुक्तानी गरेकोमा पालिकाले मर्मत अभिलेख तथा खरिद योजना समेत तयार गरेको देखिएन । पालिकाले नियमानुसार खरिद प्रकृया अपनाई मर्मत खर्चलाई मितव्ययी बनाउनु पर्दछ ।

गो.भौ.न./ मिति	पार्टिको नाम	विवरण	प्यान नं.	रकम
२५।११।०६	आर.के. वर्कसप	सवारी मर्मत		२४१५१६
	पाँचपोखरी अटोमोवाईल प्रालि		६००२७६७५९	४६५८९४
	सिप्रदी ट्रेडिङ्ग प्रालि		३०००४५०२२	३९४६२०
	हिमगंगा अटो पार्टस एण्ड सप्लायर्स		६०८७४९७७४	८७१७९७
				१९७३८२७
	जम्मा			

४९

डोजरको विल सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिद्वारा निर्मित कार्यको भुक्तानी दिदाँ आवश्यक विल कागजातको आधारमा रकम भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारको निर्माण कार्यको लागि मेसिनले कार्य गरेको भनी भुक्तानी भन्दा निर्माण व्यवसायीले डोजर प्रयोग भयको कम रकममो विल पेश गरेको छ । लागत अनुमान तयार गर्दा डोजरको लागी चाहिने तेल ,म्यान पावर र प्रति घण्टा ज्यालाको मूल्य समावेश गरी तयार गरिने हुँदा डोजरको प्रयोग गरी निर्माण कार्य गरेको रकम बराबरको विल पेश गर्नुपर्ने रु

१,६०४,००८

गो भौ नं /मिति	उपभोक्ता समितिको नाम	निर्माण कार्य	कुल भुक्तानी	मेशिन प्रयोग गरेको भनि भएको भुक्तानी	मेशिन प्रयोग गरेको निर्माण व्यवसायीको विल	मेशिन प्रयोग भएको विल पेश नभएको
६४।२०७९।३।१७	साउने पानी खेल मैदान निर्माण उ स	खेल मैदान निर्माण	९७००००	६४९४९०	४९१३५३	१५८१३७
९६।२०७९।३।२१	ढवुर डाँडा पैयाकोट हुँदै	सडक निर्माण	१४०६३९३	१५६१०९६	७४८३५४	६२२००९

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>धनलाल गणेश टोल छिरिङ्गे स्कुल सम्मको सडक</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>९७।२०७९।३।२१</td><td>छापैया वोटे धोवी स्कुल उ स</td><td>सडक निर्माण</td><td>११२६१७२</td><td>९७००००</td><td>५४००००</td><td>४३००००</td></tr>
<tr><td>१२३।२०७९।३।२२</td><td>धोवी स्वारा सति पोल्ने सडक मर्मत</td><td>सडक मर्मत</td><td>७४५२२७</td><td>७४५२२७</td><td>३५१३६५</td><td>३९३८६२</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५०</td><td></td><td></td><td>खेलकुद कार्यक्रम खर्च : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(८) अनुसार सार्वजनिक निकायले कुनै पनि कार्यमा रकम खर्च गर्दा सो सम्वन्धि कार्यक्रम स्वीकृत गराई सो बाट लाभान्वित व्यक्तिको संख्या र उपस्थिति समेत समावेश गरी प्रतिवेदन तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले समपूरक कोष गाउँपालिका शिर्षकबाट सुनापति गाउँपालिकाले आयोजना गरेको खेलकुद प्रतियोगितामा समावेश भएको भनि गो भौ नं ९।२०७८।१।२५ बाट ४९१६८७ भुक्तानी भएकोमा कार्यक्रम स्वीकृति वेगर भुक्तानी भएको साथै यस भुक्तानीमा कैफियतद देखिएका व्यहोरा निम्नानुसार छन् : क) आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ अनुसार पुँजिगत शिर्षकबाट चालु प्रकृतिको शिर्षकमा खर्च लेख्न नमिल्ने व्यवस्था रहेकोमा पालिकाले शिर्षक फरक पारी खर्च लेखि अनियमित भएको हुँदा आगामी दिनमा पालिकाले सम्वन्धित खर्च शिर्षकबाट मात्र खर्च लेख्नुपर्दछ । ख) सोहि कार्यक्रममा सहभागी खेलाडिलाई दैनिक रु १००० का दरले भत्ता वितरण गर्रेको भनि खेलाडिको भरपाई वेगर विक्रम तामाङलाई रु १२७५०० भुक्तानी भएको छ । भरपाई वेगर भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु ग) सुनापति गाउँपालिकामा कार्यक्रम भएकोमा मन्थली बजारमा रहेको गाल्पाली होटल एण्ड लजको रु ८१६०८ समेत उक्त कार्यक्रममा खर्च भएको भनि भुक्तानी भएको छ । कार्यक्रमसँग सम्वन्धित नभएको खर्च बापत भुक्तानी दिएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ अनुसार प्रमाण कागजातको आधारमा भुक्तानी दिनुपर्नेमा सोही कार्यक्रममा खर्च भएको भनि होटल थिङलाको रु ११९५३० को विल संलग्न गरी रकम भुक्तानी भएको छ । उक्त होटलमा कति जनाले कुन कुन अवधिमा के बापत वसी रकम खर्च गरेको हो सो को प्रमाण पेश गर्नुपर्ने रु</td><td>३२८,६३८</td></tr>
<tr><td>५१</td><td></td><td></td><td>आनुपातिक कट्टी : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिको लागत सहभागिता बापतको रकम कट्टी गरी बाँकी रकम भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारको गो भौ नं बाट विभिन्न उपभोक्ता समितिद्वारा</td><td>३२३,४५२</td></tr>
</table>

निर्मित कार्यको रकम भुक्तानी गर्दा उपभोक्ता समितिले व्यहोर्नुपर्ने लागत सहभागिताको अंश कम कट्टा गरी बढी भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु

गो भौ नं/मिति	उ स को नाम	निर्माण कार्य	भुक्तानी हुनुपर्ने रकम	भुक्तानी भएको रकम	बढी रकम
१५।२०७९।३।७	जोगिटोल कुटी निर्माण उ स	कुटी निर्माण	१७१०००	१९४०००	२२१५५
२४।२०७९।३।९	ठूलो खोला बाँसे मुलखर्क पनौती सडक निर्माण उ स	बाटो निर्माण	११३६१७३	११६४०००	२७८२६
२६।२०७९।३।१६	कल्लेरी माथिल्लो टोल सामुदायिक भवन निर्माण उ स	सामुदायिक भवन निर्माण	४७३०४९	४८५०००	११९५१
२७।२०७९।३।१६	देविस्थान ढाँडे सिचाई योजना	कुलो निर्माण	४७८९४०	४८५०००	६०५९
३५।२०७९।३।१६	विमिरे थालाबास पहरे सडक निर्माण उ स	सडक निर्माण	६३०१५५	६७९०००	४९००
३८।२०७९।३।१७	जगमाने फेदी ठूलो खोला सडक स्तरोन्नती उ स	सडक निर्माण	७५४७४९	७७६०००	२१२४५०
५८।२०७९।३।१७	फेदी खानेपानी मर्मत योजना उ स	ट्याङ्की निर्माण	४४६१४४	४५४२२५	८१११
६४।२०७९।३।१७	साउने पानी खेल मैदान निर्माण उ स	खेल मैदान निर्माण	९४००००	९७००००	३००००

५२ **रकम भुक्तानी**ः कृषक लागत साझेदारीसम्वन्धि कार्यविधि २०७७ अनुसार सार्वजनिक निकायले प्रदान गर्ने कृषि अनुदानमा सम्वन्धित लाभग्राहीको न्यूनतम ५० प्रतिशत का दरले लागत साझेदारी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले गो भौ नं ८१।२०७९।३।२० बाट जलपा देवी कृषि तथा पशुपंछी फर्मको नाममा च्याउ खेतिको लागी अनुदान बापत ४ लाख ,गो भौ नं १०४।२०७९।३।२१ बाट नमोबुद्ध कृषि तथा पशुपंछी फर्म र भुमेथान पशुपंछी कृषि फर्मलाई रु १।१ लाख गरी २ लाख र गो भौ नं १०५।२०७९।३।२१ बाट डालेघाँस तथा उन्नत जातको विउ खरिद भनि मनसुन साना किसान कृषि सहकारी संस्था लिमिटेड लाई २४६३०० गरी कुल रु ८६४३०० भुक्तानी गरेकोमा कृषकको लागत साझेदारी रु २२३१५० वेगर भुक्तानी गरी २२३,१५०

			अनियमित भएको रु	
५३			**कमिसन बापत रकम भुक्तानी :** पालिकाले झोलुङ्गे पुल निर्माण गर्नका लागी SAP NEPAL सँग सम्झौता गर्दा निर्माण कार्यको परामर्शदातालाई कमिसन बापतको चार्ज सम्वन्धित गाउँपालिकाले व्यहोर्ने गरी सम्झौता गरेकोमा पालिकाले उक्त कमिसन बापतको रकम संघीय शसर्त पुँजिगत शिर्षकको गो भौ नं ८।२०७९।३।२४ बाट डिप्रोक्स नेपाललाई रु १०३२९१ भुक्तानी भएको छ । पालिकाले आफ्नो स्रोतबाट भुक्तानी गर्नुपर्नेमा संघीय स्रोतबाट खर्च लेखिएकोले संघीय सञ्चित कोषमा रकम फिर्ता पठाएको प्रमाण पेश गर्नुपर्ने रु	१०३,२९१
५४			**डकुमेन्ट्रि निर्माण** : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(८) मा सार्वजनिक निकायले कुनै पनि खर्च गर्नुपूर्व अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था रहेको छ ।त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा सार्वजनिक निकायले १ लाख भन्दा माथिको रकम सोझै खरिद गर्दा मौजुदा सुचिमा रहेका कम्तिमा ३ वटा परामर्शदाता वा सेवाप्रदायकबाट लिखित रुपमा दरभाउ पत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । पालिका मातहतको वडा नं ६ ले वडा कार्यालय डकुमेन्टी शिर्षकमा बजेट विनियोजन गरी वडाको डकुमेन्ट्री बनाएको भनि लिखित प्रस्ताव माग नगरेको तथा अधिकार प्राप्त अधिकारीबाट कार्यक्रम स्वीकृत नगरीकनै राईजिङ प्रोडक्सन हाउस प्रा लि लाई गो भौ नं ७६।२०७९।३।१९ बाट रु ३००००० भुक्तानी दिएको छ । प्रस्ताव वेगर तथा कार्यक्रम स्वीकृति वेगर भुक्तानी गरी अनियमित भएको रु	३००,०००
५५			**प्रतिवेदन** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार सार्वजनिक निकायले लागत अनुमान तयार गर्नुपर्ने , सोही नियमावलीको नियम ११७ अनुसार निर्माण कार्यको कार्य स्वीकार प्रतिवेदन तयार गरी सो को आधारमा रकम भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले गो भौ नं १२।२०७९।३।६ बाट बुद्ध जनप्रिय मा वि लाई आई सि टि अनुदानबापत रु ४००००० उपलव्ध गराएकोमा सम्वन्धित विद्यालयले नुम्वुर आइटी सोलुसन प्रा लि ले डेस्टप ४ थान प्रति थान रु ६० हजारका दरले ,प्रिन्टर १ थान रु ३१५०० र प्रोजेक्टर १ थान रु ५५५०० को गरी कुल विजक रु ३९८३२५ पेश गरी रकम भुक्तानी गरेकोमा खरिद नियमावली अनुसार उक्त कुल कार्यको लागी कति लागत अनुमान लाग्ने सो तयार नगरी कार्य स्वीकार प्रतिवेदन वेगर भुक्तानी गरी अनियमित भएको रु	३९८,३२५
५६			**चण्डि डाँडा माने डाँडा एरेम्वास सडक वडा नं ५ :** पालिकाले गो भौ नं ६७९।२०७९।३।२४ बाट चण्डि डाँडा माने डाँडा एरेम्वास सडक वडा नं ५ को लागी चण्डि डाँडा माने डाँडा एरेम्वास सडक उ स लाई रु ११९१९७६ भुक्तानी दिएको श्रेस्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो । क) सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार स्वीकृत दर रेटमा भुक्तानी	३६,०१०

			दिनुपर्नेमा व्याक फिलिङको स्वीकृत रेट २१८ को सट्टामा रु ३३९ भुक्तानी दिई व्याक फिलिङ गरेको ५८.१६ क्यु मि को बढी भुक्तानी भएको रु ७०३७ असुल गरी दाखिला गर्नुपर्ने रु ख) पालिकाले उपभोक्ता समितिले न्यूनतम १० प्रतिशतका दरले लागत साझेदारी गर्नुपर्ने व्यवस्था गरेकोमा माथि उल्लेखित कार्यको रु १२९२२२२ को कार्यसम्पन्न भएकोमा नियमानुसार उपभोक्ता समितिको १० प्रतिशतका दरले हुने लागत साझेदारी बापतको रकम १२९२२२ घटाई ११६३००० भुक्तानी दिनुपर्नेमा ११९१९७६ भुक्तानी दिई बढी भुक्तानी भएको रु २८९७३ असुल गरी दाखिला गर्नुपर्ने रु	
५७			**गामबेशी तेकन्दो डोजाङ संघलाई रकम भुक्तानी** : आर्थिक कार्यविधि तथा वित्तियउत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा विल भरपाईको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले गो भौ नं ८।२०७८।११।२९ बाट सडक मर्मत तथा आकस्मिक कोष शिर्षकबाट गामबेशी तेकण्दो डोजाङ्ग संघको नाममा लाफा सामाग्री किनेको विल रु ८७००० र खाजाको विल रु २५००० हजार गरी रु १००००० भुक्तानी भएको छ । पालिकाले के कति कामको लागी उक्त गामबेशी तेकन्दो डोजाङ संघलाई रकम भुक्तानी दिएको हो सो कारण नखुलेको हुँदा कारण वेगर भुक्तानी दिएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु कार्यक्रम सञ्चालन : आर्थिक कार्यविधि तथा वित्तियउत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा विल भरपाईको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले गो भौ नं ८।२०७८।११।२९ बाट सडक मर्मत तथा आकस्मिक कोष शिर्षकबाट गामबेशी तेकण्दो डोजाङ्ग संघको नाममा लाफा सामाग्री किनेको विल रु ८७००० र खाजाको विल रु २५००० हजार गरी रु १००००० भुक्तानी भएको छ । पालिकाले के कति कामको लागी उक्त गामबेशी तेकन्दो डोजाङ संघलाई रकम भुक्तानी दिएको हो सो कारण नखुलेको हुँदा कारण वेगर भुक्तानी दिएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु	१००,०००
५८			**शैपु दुरा गाउँ कोल डाँडा सडक स्तरोन्नती** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार सार्वजनिक निकायले स्वीकृत दर रेटको आधारमा निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन तयार गरी भुक्तानी दिनु पर्ने व्यवस्था रहेको छ । पालिकाले गो भौ नं ७।२०७९।३।२४ बाट शैपु दुरा गाउँ कोल डाँडा सडक स्तरोन्नती वडा नं १ र २ को लागी रु ३८८०००० खर्च लेखेकोमा मेशिन प्रयोग गरी एक्साभेसन कार्य गरेको भनि भुक्तानी दिएकोमा सोलिङको लागी फाउण्डेसन खनेको भनि रु ५७६ का दरले भुक्तानी दिई मेशिनको रेट भन्दा प्रति क्युव मि ४८७ का दरले ३८२ घ मि खनेको भनि रु १८६०३४ ,स्टोन मेशिनरी निर्माण कार्यको फाउण्डेसन खनेको भनि ३४.०९ घ मि को प्रति घ मि ४८७ का दरले बढी दरमा हिसाव गरी बढी भुक्तानी भएको रु १६६०१ र ड्रेन खन्ने कार्यको लागी ५६.८८ घ मि को रु २७७०० गरी कुल २३०३३५.५६ बढी भुक्तानी भएको छ । बढी भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु मेशिन प्रयोग गरेकोमा म्यानुअल रेट :सार्वजनिक खरिद नियमावली २०६४ को	२३०,३३५.५६

			नियम १० अनुसार सार्वजनिक निकायले स्वीकृत दर रेटको आधारमा निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन तयार गरी भुक्तानी दिनु पर्ने व्यवस्था रहेको छ । पालिकाले गो भौ नं ७।२०७९।३।२४ बाट शैपु दुरा गाउँ कोल डाँडा सडक स्तरोन्नती वडा नं १ र २ को लागी रु ३८८०००० खर्च लेखेकोमा मेशिन प्रयोग गरी एक्साभेसन कार्य गरेको भनि भुक्तानी दिएकोमा सोलिङको लागी फाउण्डेसन खनेको भनि रु ५७६ का दरले भुक्तानी दिई मेशिनको रेट भन्दा प्रति क्युव मि ४८७ का दरले ३८२ घ मि खनेको भनि रु १८६०३४ ,स्टोन मेशिनरी निर्माण कार्यको फाउण्डेसन खनेको भनि ३४.०९ घ मि को प्रति घ मि ४८७ का दरले बढी दरमा हिसाव गरी बढी भुक्तानी भएको रु १६६०१ र ड्रेन खन्ने कार्यको लागी ५६.८८ घ मि को रु २७७०० गरी कुल २३०३३५.५६ बढी भुक्तानी भएको छ । बढी भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु	
५९			**ड्रेन कटिङ बापत भुक्तानी** : ड्रेन कटिङ बापत भुक्तानी : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा स्थानीय निकायले स्वीकृत लागत अनुमानका आधारमा रकम भुक्तानि गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले छापैया बोटे धोवी स्कुल सडक उ सबाट निर्माण कार्य गरेको भनि गो भौन ९७।२०७९।३।२१ बाट रु ९७०००० भुक्तानी गरेकोमा मेशिन प्रयोग गरी बाटो खनेकोमा साइड ड्रेन मान्छेले खनेको भनि रु ८९ प्रति घ मि का दरले भुक्तानी दिनुपर्नेमा ७६ घ मी रु ७९५ का दरले भुक्तानी दिई बढी भुक्तानी भएको रु ५३६५६ असुल गरी दाखिला गर्नुपर्ने रु	५३,६५६
६०			**नापी किताव** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ अनुसार सार्वजनिक निकायले नापी किताव तयार गरी सो को आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारको गो भौ नं बाट विभिन्न निर्माण सामाग्रि खरिद गरको भनि रकम भुक्तानी भएको छ । खरिद भएको निर्माण सामाग्रीको निर्माण कार्य भएको नापी किताव पेश गर्नुपर्ने रु	

गो भौ नं मिति	सामान खरिद	सप्लायर्स	खरिद गर्ने वडा नं	भुक्तानी रकम
२०।२०७९।३।९	पाईप खरिद	चन्द्र सिह ईन्टर प्राईजेज एण्ड सप्लायर्स	६	४९६२९६
२१।२०७९।३।९	जाली खरिद	चन्द्र सिह ईन्टर प्राईजेज एण्ड सप्लायर्स	६	४९४९४०
३२।२०७९।३।१६	विउ खरिद	सयपत्री कृषि फर्म		३०००००

<table>
<tr>
<td>६१</td>
<td></td>
<td></td>
<td>मर्मत- पालिकाको दैनिक कार्यसञ्चालनको लागी भौ.न. १८२ र मिति ०७९।३।२४ मा पालिकाको गाडी मर्मत सम्भार गर्न लैजादा सम्झौता अनुसार २०७८।२।१० देखि २०७९।३।३२ सम्मको सवारी साधन भाडा वापतको रकम गाँउपालिकाको समपुरक कोषवाट अध्यक्षको निर्णय अनुसार सवारी धनीको नाउमा देहाय बमोजिम भुक्तानी गरेको छ । यधपी कार्यालयमा सवारी साधन गाडी वाईक एम्वुलेन्स लगायतका साधन हुदाहुदै विनियोजित वजेट नै नभएको अवस्थामा समपुरक बाट रु. ९९८६६६।- खर्च लेखेकोले सवारी साधनमा हुने खर्च लाई नियन्त्रण गरी परीषदवाट खर्च अनुमोदन गर्नुपर्ने रु.
<table>
<tr><th>सि.न.</th><th>विवरण</th><th>रकम</th><th>कारण</th><th>नपाउने कारण</th></tr>
<tr><td>१</td><td>छत्र वहादुर तामाङ</td><td>३९२०००</td><td>अध्यक्षको गाडी मर्मतमा पठाएको</td><td>५२ दिन मर्मतमा राखुपर्ने कारण नखुलेको</td></tr>
<tr><td>२</td><td>विधासागर बस्नेत</td><td>२२८६६६</td><td>एम्बुलेन्सको ठाउमा प्रयोग</td><td>तिन वटा एम्वुलेन्स पालिकामा रहेको</td></tr>
<tr><td>३</td><td>आङ्क छिरिङ्ग तामाङ्ग</td><td>२३८०००</td><td>उपाध्यक्षले प्रयोगमा ल्याएको</td><td>प्रदेश कानून वमोजिम भाडा उपलव्ध भएमा अनुगमनको पुष्टाई नभएको</td></tr>
<tr><td>४</td><td>याम नारायण श्रेष्ट</td><td>१४००००</td><td>प्रशासकिय अधिकृतले प्रयोगमा ल्याएको</td><td></td></tr>
</table>
</td>
<td>९९८,६६६</td>
</tr>
<tr>
<td>६२</td>
<td></td>
<td></td>
<td>सिधै खरिद- सार्वजनिक खरिद ऐन २०६३ को दफा ४ मा सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नुअघि त्यस सम्वन्धि योजना, विशेष आवश्यकता वा अन्य विवरणहरु तयार गर्नुपर्ने र खरिद नियमावली २०६४ को नियम ३१ बमोजिम विस लाख रुपैया भन्दा वढी लागत भएको काम खुल्ला वोलपत्रको माध्यम बाट गर्नुपर्नेमा कार्यालयले देहाय बमोजिम खानीखोला ठुलो खेत सिंचाई योजनाको थप कामको रु.२६७३९७५।४५ निम्नानुसार काम टुक्र्याएर गरेकोले कामको आवश्यकता पहिचान गरी वोलपत्रको माध्यमबाट निर्माण कार्य संचालित गर्नुपर्ने अनियमित रु.
<table>
<tr><th>गो.भौ.न./मिति</th><th>काम</th><th>निर्माण व्यवसायी</th><th>रकम</th></tr>
<tr><td>१८७।०७९।३।२५</td><td>खानीखोला ठुलो सिँचाई थप काम</td><td>खिम्ति दाहाल कन्ट्रक्सन</td><td>९९६४३७</td></tr>
<tr><td>१८८।०७९।३।२५</td><td>खानीखोला ठुलो सिँचाई थप काम</td><td>श्रेयशी कन्ट्रक्सन</td><td>७०६६१२।४५</td></tr>
<tr><td>१८९।०७९।३।२५</td><td>खानीखोला ठुलो सिँचाई थप काम</td><td>खिम्तिदाहाल कन्ट्रक्सन</td><td>९७०९२६</td></tr>
</table>
</td>
<td>२,६७३,९७५.४५</td>
</tr>
</table>

			<table><tr><td></td><td>जम्मा</td><td></td><td>२६७३९७५।४५</td></tr></table>	
६३			**मर्मत-** सार्वजनिक खरिद नियमावली २०६२ को नियम बमोजिम सिलवन्दी दरभाउपत्र मागगर्दा इच्छुक कम्पनीले आफुले दिनसक्ने रेट सहितको दरभाउपत्र पेश गरी प्रतिस्पर्दाको आकारमा छनौट गरी सम्झौता गर्नुपर्नेमा पालिकाको २०७९।३।५ को निर्णय नं. ७ अनुसार दशै प्रयोजनका लागी बाटो सफाई गर्ने प्रयोजनको लागी व्याकलोडर प्रति घण्टा २५०० एक्साभेटर प्रतिघण्टा ३५७० टिपरको प्रतिघनमिटर ४१५ को शर्तमा रही शिलवन्दी कागजात मिति ०७८।४।२५ मा माग गरेको पत्र संलग्न गरी गाँउपालिका वार्ड नं. ४,५ र ७ को मुख्य सडक २०७८ दशै लक्षित गरी यातायात सुचारु गर्नुको लागी सहयोगी कन्ट्रक्सन कम्पनी संग १५ दिनको लागी २०७८।५।५ देखी १५ गतेसम्म मिति २०७८।५।५ मा सम्झौता गरी रु. १०१६९००।— भुक्तानी गरेको पाईयो । यद्यपी दर रेट पालिकाले नै तोकी प्रतिस्पर्दा विपरित सम्झौता गरी १० महिना पछी भुक्तानी दिएको अनियमित रु.	१,०१६,९००
६४			**कार्यस्वीकार प्रतिवेदन**: सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार लागत अनुमान तयार गर्ने ,नियम ११७ अनुसार कार्य स्वीकार प्रतिवेदन तयार गरी रकम भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारको गो भौ नं बाट विभिन्न विद्यालयलाई निर्माण कार्य गर्न अनुदान बापतको रकम भुक्तानी दिएकोमा सो बजेटबाट के कति रकमको निर्माण कार्य भएको हो सो को प्रमाण स्वरुप कार्य स्वीकार प्रतिवेदन पेश गर्नुपर्ने रु <table><tr><td>गो भौ नं /मिति</td><td>निर्माण उ स</td><td>निर्माण कार्य</td><td>भुक्तानी रकम</td></tr><tr><td>१३७।२०७९।३।२२</td><td>तामाकोशी जनजागृति मा वि बालवालिका उद्यान निर्माण उ स</td><td>उद्यान निर्माण</td><td>९७००००</td></tr><tr><td>९८।२०७९।३।२१</td><td>झेट्टेश्वरी उ मा वि धोवी व्यवस्थापन</td><td>सामान खरिद</td><td>७७६०००</td></tr><tr><td>१०३।२०७९।३।२१</td><td>नवदर्शन मा वि</td><td>विज्ञान प्रयोगशाला सामाग्री</td><td>४०००००</td></tr></table>	२,१४६,०००

<table>
<tr>
<td>६५</td>
<td></td>
<td></td>
<td>शिर्षक फरक पारी खर्च : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सार्वजनिक निकायले पुँजिगत शिर्षकमा विनियोजन भएको रकमबाट चालु प्रकृतिको कार्यमा खर्च गर्न नहुने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारको गो भौ नं बाट चालु प्रकृतिको कार्यक्रममा खर्च गरी अनियमित भएको रु
<table>
<tr><td>गो भौ नं /मिति</td><td>विनियोजित शिर्षक</td><td>खर्च गरेको कार्य</td><td>भुक्तानी पाउने पाटी</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>१०६।२०७९।३।२१</td><td>समपूरक कोष</td><td>मिडियाको रकम बापत भुक्तानी</td><td>नेपाल बाहक मिडिया र सरगम मिडिया प्रा लि</td><td>५००००</td></tr>
<tr><td>१०८।२०७९।३।२१</td><td>समपूरक कोष</td><td>सवारी साधनको भाडा बापत</td><td>भेषनारायण श्रेष्ठ र राम बहादुर श्रेष्ठ</td><td>२१००००</td></tr>
</table>
</td>
<td>२६०,०००</td>
</tr>
<tr>
<td>६६</td>
<td></td>
<td></td>
<td>प्रहरी चौकी भवन निर्माण : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सार्वजनिक निकायले विल भरपाई र प्रमाण कागजातको आधारमा रकम भुक्तानी दिनपर्ने व्यवस्था रहेको छ । पालिकाले खिम्ति प्रहरी चौकी भवन निर्माण गरको भनि गो भौ नं १२७।२०७९।३।२२ बाट रु ६७९००० भुक्तानी भएको छ । प्रहरी चौकी भवन निर्माण गर्न सम्वन्धित मन्त्रालयले पनि रकम पठाउने हुँदा दोहोरो रकम परे नपरेको यकिन गर्नुपर्ने रु</td>
<td>६७९,०००</td>
</tr>
<tr>
<td>६७</td>
<td></td>
<td></td>
<td>कार्य स्वीकार प्रतिवेदन : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार लागत अनुमान तयार गर्ने ,नियम ११७ अनुसार कार्य स्वीकार प्रतिवेदन तयार गरी रकम भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ ।पालिकाले निम्नानुसारको गो भौ नं बाट निर्माण सामाग्री खरिद गरेको भनि भुक्तानी दिएकोमा सो निर्माण सामाग्रीबाट निर्मित कार्यको नापी किताव लगायत कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने
<table>
<tr><td>गो भौ नं /मिति</td><td>खरिद सामाग्री</td><td>भुक्तानी पाउने पाटी</td><td>खरिद गर्ने वडा नं</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>२०।२०७९।३।९</td><td>पाईप खरिद</td><td>चन्द्र सिद्ध ईन्टरप्राइजेज एण्ड सप्लायर्स</td><td>६</td><td>४९६२९६</td></tr>
<tr><td>१३८।२०७९।३।२२</td><td>पाईप खरिद</td><td>गंगा सागर हार्डवयर एण्ड सप्लायर्स</td><td></td><td>३५८६६२</td></tr>
</table>
</td>
<td>८५४,९५८</td>
</tr>
</table>

६८			**पन्ध्र शैयाको अस्पताल निर्माण-** एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम अन्तर्गत गाँउपालिकाको Construction of 15 Bed Hospital of Likhu tamakoshi Rural municipality योजना निर्माण कार्यको लागी मिति २०७८।१२।२९ मा वोलपत्र आव्हान भई प्राप्त वोलपत्रको प्राविधिक र आर्थिक प्रस्ताव क्रमशः २०७८।११।४ र मिति २०७८।११।२२ मा खोली मूल्याङ्कन समितिले दिएको प्रतिवेदन बमोजिम पालिकाको २०७८।११।२४ को सूचना बमोजिम लुम्विनी कल्प-वृक्ष्य मिसन जे.मी. प्रा.लि. नयाँ वानेश्वरले कवोल गरेको रु. १६९४४१८१७।४३ (मु.अ.कर र पि.एस. समेत) को वोलपत्र मिति २०७८।१२।१२ मा गाँउपालिका अध्यक्ष बाट स्वीकृत भएको निर्णय पेश भएको छ । लेखापरीक्षण को क्रममा प्राप्त जानकारी अनुसार पहिलो र दोस्रो पटकको सूचनामा कुनैपनि वोलपत्र मूल्याङ्कन प्रकृयामा उत्तिर्ण नभै तेस्रो पटक प्रकाशित सूचना अनुसार लुम्विनी कल्पबृक्ष्य भिजन जे.भि. प्रा.ली.को आर्थिक तथा प्राविधिक मूल्याङ्कन उत्तिर्ण भै उक्त जे.भि. संग सम्झौता गरेको पाईयो । यधपी वोलपत्र सूचना प्राविधिक र आर्थिक प्रस्तावको मूल्याङ्कन तथा तुलानात्मक चार्ट लागत अनुमान लगायत रद्ध भएका निर्णयहरु लेखापरीक्षणको क्रममा पेश भएको छैन । एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम तर्फ रु. २ करोड वजेट विनियोजन भएको अवस्थामा तेस्रोपटक को सूचना अनुसार निर्माण व्यवसायीसंग सम्झौता भएतापनि उक्त रकम खर्च नभै फिर्ता भएकोले कार्य अगाडी पढेको देखिएन ।	
६९			**बढी भुक्तानी-** ०७९।१।११ बाट एक विधालय एक नर्स कार्यक्रम संचालन निरन्तरता अन्तर्गत महेश्वर मा.वि. नागदह, शहिद स्मृति मावि सैपु, नवदर्शन मावि तिलपुङ मा कार्यरत नर्सहरु लाई मासिक तलव रु. ३०२००।— र पोशाक खर्च रु. १० हजार समेत प्रति नर्स रु. १००६००।— को दरले रु. ३०१८००।— उल्लेखित विधालयको नाउमा खर्च लेखेको छ । यधापी महेश्वर मावि नागदहमा कार्यरत नर्स विन्दा अधिकारी २०७८।१२।१७ देखि राजीनामा दिएको व्यहोरा भौचर नं. ११।०७९।३।१७ को तलवी प्रतिवेदनमा उल्लेख भएको देखियो । २०७८।१२।१८ देखि चैत्र मसान्त सम्मको तलव रु. १४०९४ र पोशाक खर्च रु. १० हजार समेतले हुने रु. २४०९४।— विधालयबाट असुल गर्नुपर्ने रु.	२४,०९४
७०			**बिशेष योजना-** *✂ .... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।१९ को निर्णयबाट रु.२४४५०००० सम्परीक्षण गरिएको ।)*	०

<table>
<tr>
<td>७१</td>
<td></td>
<td></td>
<td>

सम्परीक्षण :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२)(घ) बमोजिम वेरुजू फछ्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतकोहुने व्यवस्था गरेको छ । बेरुजुको विवरण अद्यावधिक गरी नियमानुसार बेरुजु फछ्यौट गर्नुपर्दछ । कार्यालयले गत विगत वर्षसम्मको बेरुजू मध्ये रु. लेखापरीक्षण डोरमा सम्परीक्षणको लागि अनुरोधगरेकोमा प्रमाण कागजातको आधारमा रु. सम्परीक्षण भएको छ।

<table>
<tr><th>आर्थिक वर्ष</th><th>बेरुजु दफा</th><th>बेरुजु संक्षिप्त व्यहोरा</th><th>बेरुजु रकम</th><th>फछ्यौट गरिएको आधार र व्यहोरा</th><th>संपरीक्षण भ रकम</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

</td>
<td></td>
</tr>
<tr>
<td>७२</td>
<td></td>
<td></td>
<td>

अनुगमन : गत वर्षको प्रतिवेदनमा आयोजना कार्यान्वयन, सोझै खरिद, बिल भरपाई, स्रेस्ता पेस नभएको, बैङ्क समायोजन, अग्रिम कर, बढी भुक्तानी, अधुरो निर्माण, नभएको कामको भुक्तानी, कर वीजक, सवारी साधन खरिद,ठेक्का स्वीकृति र ओभरहेड लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको पाइएन । बेरुजू व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ ।

</td>
<td></td>
</tr>
</table>